# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२७ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा।

---

कर्णाली प्रदेश डिभिजन वन कार्यालय, सुर्खेतका प्रमुख (उप-सचिव प्राविधिक) भक्त बहादुर लामाले छुट पुर्जाको म्याद थप गराइ दिने बहानामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिइ गएको टोलीले निज भक्त बहादुर लामालाई सेवाग्राहीबाट रू.४,००,०००।—(चार लाख) घुस बापतको रकम लिइसकेको अवस्थामा निजकै कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता